चुरे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
(प्रशासन शाखा)

प.सः २०८१/०८२
च.नं.

घरखेडा, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

## गाउँपालिकाको लोगो डिजाइन सम्बन्धी सार्वजनिक सूचना।

**प्रथम पटक प्रकाशित मितिः- २०८१/०८/२५**

यस गाउँपालिकाको मिति २०८१ मंसिर १७ गते बसेको गाउँ कार्यपालिका बैठकको निर्णयानुसार चुरे गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) निर्माण गरि प्रयोगमा ल्याउने प्रयोजनार्थ लोगो डिजाइन गर्न इच्छुक व्यक्ति वा संस्थाले देहाय बमोजिमका शर्तका अधिनमा रही निर्माण गरेको लोगो आफै उपस्थित भई हुलाक मार्फत वा chure.gaupalika@gmail.com मा सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र पेश गर्नहुनको लागि यो सूचना प्रकाशन गरिएको छ।

शर्तहरुः- प्रतिक चिन्ह (लोगो) निर्माण सम्बन्धी

(क) चुरे गाउँपालिकाको समाजिक, आर्थिक, साँस्कृतिक, ऐतिहाँसिक, भौगोलिक, प्रकृतिक एवं विशिष्ट मौलिक पहिचान झल्कने हुनुपर्नेछ।

(ख) नेपालको झण्डा, चुरे गाउँपालिकाको नाम, नक्शा अनिवार्य हुनुपर्नेछ र नेपालको लोगोको आकारकै हुनुपर्नेछ।

(ग) कुनै पनि धार्मिक, जातीय तथा समप्रदायिक विभेद झल्कने, सामाजिक सद्भावमा खलल पुग्ने तथा नेपालको सार्वभौमिकता, एकता,भौगोलिक अखण्डतामा प्रतिकुल असर गर्न सक्ने संकेत प्रयोग गर्न पाईनेछैन।

(घ) सिर्जनात्मक लोगोको डिजाइन तथा लोगोमा रहने सम्पदा, अक्षर, प्रयोग भएको रङ लगायतका विषयमा उपयुक्त व्याख्या समेत पेश गर्नुपर्नेछ।

(ङ) बहुरङमा छपाई गरी प्रयोगमा ल्याउन सकिने हुनुपर्नेछ।

(च) लोगो मौलिकतमा आधारित हुनुपर्नेछ।

(छ) एक व्यक्तिले एउटा मात्र प्रतिक चिन्ह(लोगो) पेश गर्न सक्नेछ,पेश कर्ताले आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपि समेत पेश गर्नुपर्नेछ।

१. प्रतिक चिन्ह छनौट सम्बन्धी सम्पूर्ण अधिकार गाउँ कार्यपालिका कार्यालयको हुनेछ। छनौट भएको प्रतिक चिन्हको सर्वाधिकार गाउँपालिकामा रहनेछ र उक्त चिन्ह अन्यत्र प्रयोग गर्न पाईने छैन।

२. प्राप्त भएका प्रतिक चिन्हहरुमा आवश्यक परिमार्जन गर्न आग्रह गरिएमा सम्बन्धित पक्षले सोही अनुसार परिमार्जन गरिदिनु पर्नेछ।

पुनश्चः- प्राप्त प्रतिक चिन्हका नमुना( डिजाइन) हरु मध्ये कार्यपालिकाको बैठकको मुल्याङ्कनबाट उत्कृष्ट ठहरिएको लोगो प्रयोगमा ल्याउने र उक्त लोगोको डिजाइनहरुलाई रु. २१०००।००( अक्षरेपी एक्काइस हजार रुपैयाँ मात्र) नगद पुरुस्कार सहित सम्मान-पत्र प्रदान गरिनेछ।

..................
तेज बहादुर बोगटी
प्रमुख प्रशासकीय अधिकृत

Web: www.churemun.gov.np. email: chure.gaupalika@gmail.com , http://info@churemun.gov.np
Mobile no. 9858488012, 9858488013, 9858485303

CamScanner